# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं ,बागमती प्रदेश, नेपाल

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,पकेट विकास कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मितिः २०७९/०७/१४

दक्षिणकाली नगरपालिकाको आ.व.२०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत निम्न कार्यक्रमहरु सन्चालन गर्नुपर्ने भएकोले इच्छुक तपसिल बमोजिमका समूह/संस्थाले निम्न अनुसारको मापदण्डमा रहि तोकिए बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात (मिति २०७९/०७/२८ गते भित्र) आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| कार्यक्रम (नयाँ पकेट) | मापदण्ड |
|---|---|
| १. आ.व. २०७९/०८० मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रम सञ्चालन | खेती गर्ने बालीः-<br>१.प्लाष्टिक घरभित्र तरकारी खेती<br>क्षेत्रफलः-१ हेक्टर (२० रोपनी)<br>२. खुला रुपमा तरकारी खेती<br>क्षेत्रफलः- ७ हेक्टर (१४० रोपनी) |
| २. आ.व. २०७९/०८० मा नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन | खेती गर्ने बालीः- सिताके च्याउ<br>मुढा संख्या : ५००० मुढा |
| ३. आ.व. २०७८/०७९ मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता | खेती गर्ने बालीः-<br>१.प्लाष्टिक घरभित्र तरकारी खेती<br>क्षेत्रफलः-१ हेक्टर (२० रोपनी) |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. स्थानीय तहमा वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समुह
२. कृषि कार्य गर्ने उदेश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारीहरु
३. नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु
४. कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु
५. कार्यक्रम सन्चालन हुने स्थान (जग्गा/जमिन) स्वामित्व खुल्ने कागजात वा भाडामा खेती गरेको भए कम्तीमा ५ वर्षको करारनामा प्रतिलिपि ।
६. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
७. कार्य समितिको निर्णयको प्रतिलिपि ।

..................
भोला प्रसाद चापागाई
(प्रमुख प्रशासकीय अधिकृत)

Email : info@dakshinkalimun.gov.np, Website : www.dakshinkalimun.gov.np